# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, जेठ १५ गते, २०८० साल (संख्या ८


## भाग ३

### नेपाल सरकार

## कृषि तथा पशुपन्छी विकास मन्त्रालयको

### सूचना

नेपाल सरकारले दाना पदार्थ ऐन, २०३३ को दफा १० को अधिकार प्रयोग गरी कुखुराको दानाको गुणस्तर तथा मात्रा देहाय बमोजिम तोकेकोले यो आदेश जारी गरिएको छः-

**१. <u>गुणस्तरको क्षेत्र (Scope)</u>:-**

कुखुराको लागि उत्पादन तथा प्याकेजिङ्ग गरिएको सबै प्रकारका दाना (Poultry Feed) को सम्बन्धमा यो गुणस्तर लागू हुनेछ।

**२. <u>आवश्यक गुणस्तर परिधिहरु (Essential Composition and Quality Factors)</u> : –**

२.१ कुखुराको दाना पेलेट्स (Pellets), क्रम्स (Crumbs) वा धुलो (Powder) जस्ता स्वरुपमा हुन सक्नेछन्।

२.२ कुखुराको दाना उत्पादन गर्दा मकै, कनिका, ज्वार, गहुँ, जौ, चामल, रागी, सिमल तरुलको पिठो, वनस्पति तेल, भटमासको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पिठो, भटमासको पिना, बदामको पिठो, बदामको पिना, रेपसिडको पिना, सूर्यमुखीको पिना, तिलको पिना, माछाको धूलो, बोनमिल, मेज ग्लुटेन (Maize gluten), राइस ब्रान, राइस ब्रान डीआएल्ड केक (DOC), गहुँको ढुटो, साल सिड पिना (Sal seed meal), मोलासेस, चुन ढुङ्गाको धुलो, डाइ क्याल्सियम फस्फेट, खाने नुन, खाने सोडा, सेल ग्रिट (Shell grit), हड्डी चूर्ण लगायतका कुखुराले खान मिल्ने अन्य पदार्थहरु कच्चा पदार्थको रुपमा प्रयोग गर्न सकिने छन्।

२.३ दाना पदार्थमा गुणस्तर वृद्धि गर्न वा गुणस्तर कायम राख्न आवश्यकता अनुसार पोषक तत्त्वहरु मिश्रित आहारपुरक दाना पदार्थ (फिड सप्लिमेन्ट) तथा दानाको योगशील (फिड एडिटिभ्स) प्रयोग गर्न सकिनेछ।

तर दानामा एन्टिबायोटिक्स् (Antibiotics) को प्रयोग गर्न पाइने छैन।

२.४ कुखुराको दाना पदार्थको गुणस्तर वा मात्रा देहायको तालिकामा उल्लेख भए बमोजिम हुनु पर्नेछः–

| क्र.स. | चारित्रिक गुणहरु | कुखुराको दानामा हुनुपर्ने गुणस्तर वा मात्रा | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | फुलको लागि पालिने चल्लाको दाना “एल्$_1$” | फुलको लागि पालिने हुर्कदो कुखुराको दाना “एल्$_2$” | फुल पार्ने कुखुराको दाना “एल्$_3$” | फुल पार्ने कुखुराको अन्तिम दाना “एल्$_4$” | ब्रोइलर चल्लाको शुरु दाना “बि$_0$” | हुर्कदो ब्रोइलर चल्लाको दाना “बि$_1$” | ब्रोइलर कुखुराको दाना “बि$_2$” | ब्रोइलर कुखुराको अन्तिम दाना “बि$_3$” |
| १. | ***जलांश प्रतिशत, बढीमा*** ***(Moisture, maximum)*** | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ |
| २. | ***जलांश प्रतिशत, बढीमा*** **(मोल्ड इन्हिबिटर वा एसिडीफाएर प्रयोग भएमा)** ***(moisture when mold inhibitor or acidifier has been used, maximum)*** | १२ | १२ | १२ | १२ | १२ | १२ | १२ | १२ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. | ***क्रुड प्रोटिन प्रतिशत, घटीमा (Crude protein, minimum)*** | २०.० | १६.० | १८.० | १६.० | २२.० | २१.० | २०.० | १९.० |
| ४. | क्रुड फाइवर प्रतिशत, बढीमा (Crude fiber, maximum) | ६.० | ८.० | ८.० | ९.० | ६.० | ६.० | ६.० | ६.० |
| ५. | क्रुड फ्याट प्रतिशत, घटीमा (Crude fat, minimum) | २.० | २.० | २.० | २.० | ३.५ | ३.५ | ३.५ | ३.५ |
| ६. | एसिड इन्सोल्युवल आस प्रतिशत, बढीमा (Acid insoluble ash, maximum) | ४.० | ४.० | ४.० | ४.० | ३.५ | ३.५ | ३.५ | ३.५ |
| ७. | ***क्याल्सियम प्रतिशत, घटीमा (calcium, minimum)*** | १.० | १.० | ३.० | ३.५ | १.० | ०.९० | ०.८० | ०.७५ |
| ८. | ***नुन (सोडियम क्लोराइड) प्रतिशत, बढीमा (Salt as Sodium chloride, maximum)*** | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ |
| ९. | कूल फस्फोरस, प्रतिशत, घटीमा (Total phosphorous, minimum) | ०.७ | ०.६५ | ०.६५ | ०.६५ | ०.७ | ०.७ | ०.७ | ०.७ |
| १०. | लाइसिन प्रतिशत, घटीमा (Lysine, minimum) | १.० | ०.७ | ०.७ | ०.६५ | १.४ | १.३ | १.२ | १.० |
| ११. | मिथिओनाइन प्रतिशत, घटीमा (Methionine, minimum) | ०.४ | ०.३५ | ०.३५ | ०.३० | ०.५ | ०.५ | ०.५ | ०.४५ |
| १२. | मिथिओनाइन + सिस्टाइन प्रतिशत, घटीमा (Methionine and cysteine, minimum) | ०.७० | ०.६० | ०.६० | ०.५५ | १.० | ०.९ | ०.९ | ०.८५ |
| १३. | मेटाबोलाइजेबल इनर्जी किलोक्यालोरी प्रति किलोग्राम, घटीमा (Metabolizable Energy Kcal/Kg, minimum) | २८०० | २५०० | २६०० | २४०० | २९०० | ३००० | ३१०० | ३२०० |

***द्रष्टव्य:***

(१) **यो आदेशको प्रयोजनको लागि,–**

(क) "फुलको लागि पालिने चल्लाको दाना "एल१"" भन्नाले आठ हप्तासम्मको कुखुरालाई खुवाउने दाना सम्झनु पर्छ।

(ख) "फुलको लागि पालिने हुर्कदो कुखुराको दाना "एल२"" भन्नाले नौ हप्तादेखि सोह्र हप्तासम्मको वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फुल पार्न नलागेसम्मका बढ्दो कुखुरालाई खुवाउने दाना सम्झनु पर्छ।

(ग) "फुल पार्ने कुखुराको दाना "एल३"" भन्नाले सत्र हप्तादेखि पैंतालिस हप्तासम्म उमेर पुगी फुल पार्न थालेको कुखुरालाई खुवाउने दाना सम्झनु पर्छ।

(घ) "फुल पार्ने कुखुराको अन्तिम दाना "एल४"" भन्नाले पैंतालिस हप्ताभन्दा बढी उमेर पुगेको फुल पार्ने कुखुरालाई खुवाउने दाना सम्झनु पर्छ।

(ङ) "ब्रोइलर चल्लाको शुरु दाना "बि०"" भन्नाले चौध दिनसम्मको ब्रोइलर कुखुराको चल्लालाई खुवाउने दाना सम्झनु पर्छ।

(च) "हुर्कदो ब्रोइलर चल्लाको दाना "बि१"" भन्नाले पन्ध्र दिनदेखि अट्ठाइस दिनसम्मको ब्रोइलर कुखुराको चल्लालाई खुवाउने दाना सम्झनु पर्छ।

(छ) "ब्रोइलर कुखुराको दाना "बि२"" भन्नाले उनन्तिस दिनदेखि बयालीस दिनसम्मको ब्रोइलर कुखुरालाई खुवाउने दाना सम्झनु पर्छ।

(ज) "ब्रोइलर कुखुराको अन्तिम दाना "बि३"" भन्नाले बयालीस दिनभन्दा बढी उमेरका ब्रोइलर कुखुरालाई खुवाउने दानालाई सम्झनु पर्छ।

(२) क्र.स. ३ देखी १३ सम्मको चारित्रिक गुणहरुको मात्रा तौलको हिसाबले जलांशरहित आधारमा (Dry weight basis) गणना गरिएका हुन्।

२.५ सडेको, गन्हाएको, विषालु, ढुसी परेको वा किरा लागेको कुखुराको दाना बिक्री वितरण र प्रयोग गर्नु हुँदैन।

**३. <u>हानिकारक तत्त्व तथा तिनका अवशेष (Residues)</u>:-** कुखुराको दानामा हानिकारक तत्त्वहरुको मात्रा देहायको सीमाभन्दा बढी हुनु हुदैन:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्र.सं. | हानिकारक तत्त्वको नाम | मात्रा |
|---|---|---|
| १. | आर्सेनिक, मि.ग्रा./के.जी.*, बढीमा (Arsenic, mg/kg, maximum) | २.० |
| २. | फ्लोरिन, मि.ग्रा./के.जी. *, बढीमा (Flourine, mg/kg, maximum) | ३०.० |
| ३. | सिसा, मि.ग्रा./के.जी. *, बढीमा (Lead, mg/kg, maximum) | ५.० |
| ४. | पारो, मि.ग्रा./के.जी. *, बढीमा (Mercury, mg/kg, maximum) | १.० |
| ५. | सोडियम नाईट्राइट, मि.ग्रा./के.जी. *, बढीमा (Sodium nitrite, mg/kg, maximum) | १५.० |
| ६. | क्यास्टर, मि.ग्रा./के.जी. *, बढीमा (Castor, mg/kg, maximum) | १०.० |
| ७. | फ्रि गोसिपोल, मि.ग्रा./के.जी. *, बढीमा (Free gossypol, mg/kg, maximum) | २०.० |
| ८. | अफ्लाटक्सिन बि१, माइक्रोग्राम प्रतिकिलोग्राम, बढीमा (Aflatoxin $B_1$, µg/kg, maximum) | २८.० |

* मि.ग्रा./के.जी. भन्नाले मिलिग्राम प्रतिकिलोग्रामलाई जनाउँछ।

४. **<u>प्याकेजिङ्ग र लेबलिङ्ग सम्बन्धी व्यवस्था (Packaging and Labeling Requirements)</u>:–** कुखुराको दानालाई सफा र सुख्खा, नचुहिने, नफुटेको प्लास्टिकको बोरा वा सादा वा पोलिथिन राखिएको जुटको बोरा वा लेमिनेटेड कागजको बोरामा बन्द गरी प्याकेजिङ्ग गर्नु पर्नेछ। प्याकेजिङ्ग गरिएको कुखुराको दानाको बोरा/प्याकेटमा देहाय बमोजिमको विवरण उल्लेख भएको हुनु पर्नेछ:–

(क) ***दानाको पहिचान खुल्ने नाम र ब्रान्डको नाम,***
(ख) ***दानाको प्रकार,***
(ग) ***उत्पादकको नाम र ठेगाना,***
(घ) ***खुद तौल (के.जी.) र अधिकतम खुद्रा मूल्य,***
(ङ) ***ब्याच नं.,***



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) ***उत्पादन मिति र उपभोग्य मिति,***
(छ) ***टक्सिन बाइन्डर, मोल्ड इन्हिबिटर र एसिडीफाएर सम्मिश्रणको रुपमा प्रयोग भएमा सो उल्लेख गर्नु पर्ने,***
(ज) ***सम्मिश्रण र फिड सप्लिमेन्ट तथा योगशीलको नाम,***
(झ) ***भण्डारण विधि,***
(ञ) ***दाना अनुज्ञापत्र नम्बर ।***

**५. <u>प्रारम्भ, खारेजी तथा बचाउः</u>**

(क) यो आदेश नेपाल राजपत्रमा प्रकाशित भएको मितिले १८० दिन पछिबाट प्रारम्भ हुनेछ।

(ख) यो आदेश प्रारम्भ भएको मितिदेखि खण्ड ५७, सङ्ख्या ३७, मिति २०६४।०९।१६ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित कुखुराको दाना पदार्थको गुणस्तर वा मात्रा तोकेको आदेश सम्बन्धी तत्कालीन कृषि तथा सहकारी मन्त्रालयको सूचना खारेज हुनेछ।

(ग) खण्ड (ख) बमोजिमको आदेश बमोजिम भए गरेका काम कारबाहीहरु यसै आदेश बमोजिम भए गरेको मानिनेछ।

**आज्ञाले,**
**दिपक कुमार खराल**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।